## राष्ट्रिय शिक्षा दिवसको उपलक्ष्यमा प्रदान गरिने पदक तथा छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०६३
## (दोस्रो संशोधन, २०७१ सहित)

**प्रस्तावनाः** मुलुकको समग्र विकास र समुन्नतीको लागि शिक्षालाई राष्ट्रिय महत्व दिई प्रचार प्रसार गराउन, सम्बत् २०१७ साल पश्चात् उच्च शिक्षामा उत्कृष्ट स्थान हासिल गर्ने नेपाली विद्यार्थीहरुलाई कदर स्वरुप प्रदान गरिँदै आएको विभिन्न नामका पदक तथा छात्रवृत्तिको नाम परिवर्तित अवस्थामा परिवर्तन गर्न र नेपालको शैक्षिक क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरमा समेत चिनाउन वाञ्छनीय भएकोले नेपाल सरकारले राष्ट्रिय शिक्षा दिवस पदक तथा छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०६३ जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "राष्ट्रिय शिक्षा दिवस, पदक तथा छात्रवृत्ति सम्बन्धी निर्देशिका, २०६३" रहेको छ ।

#(२) यो निर्देशिका तुरुन्त लागू लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"राष्ट्रिय शिक्षा दिवस"** भन्नाले दफा ३ बमोजिमको दिवस सम्झनु पर्छ ।

(ख) **"पदक"** भन्नाले नेपाल विद्याभूषण पदक, नेपाल छात्रा विद्यापदक र माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक सम्झनु पर्छ ।

(ग) **"नेपाल विद्याभूषण"** भन्नाले दफा ४ मा उल्लिखित पदक सम्झनु पर्छ ।

(घ) **"नेपाल छात्रा विद्यापदक"** भन्नाले दफा १३ मा बमोजिमको पदक सम्झनु पर्छ ।

(ङ) **"माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक"** भन्नाले दफा १४ मा बमोजिमको पदक सम्झनु पर्छ ।

(च) **"मन्त्रालय"** भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(छ) **"विश्वविद्यालय"** भन्नाले कानून बमोजिम संस्थापना भएका विश्वविद्यालय सम्झनुपर्छ र सो शब्दले विश्वविद्यालय सरहको प्रतिष्ठान समेतलाई जनाउँछ ।

(ज) **"अध्ययन संस्थान"** भन्नाले विश्वविद्यालयको संकाय वा अध्ययन संस्थान सम्झनु पर्छ र सो शब्दले विशवविद्यालयको संकायका रुपमा सञ्चालित विद्यालय (स्कूल) समेतलाई जनाउँछ ।

(झ) **"प्रारम्भिक छानविन समिति"** भन्नाले दफा ७ बमोजिमको प्रारम्भिक छानविन समिति सम्झनुपर्छ ।

---
# पहिलो संशोधन द्वारा संशोधित

(ञ) **"सिफारिस समिति"** भन्नाले दफा ९ बमोजिमको सिफारिस समिति सम्झनुपर्छ ।

(ट) **"छात्रवृत्ति"** भन्नाले परिच्छेद-५ बमोजिमको छात्रवृत्ति सम्झनुपर्छ ।

€(ठ) **"आयोग "** भन्नाले विश्व विद्यालय अनुदान आयोग सम्झनुपर्छ ।

€(ड) "**विभागीय निकाय** " भन्नाले शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, अनौपचारिक शिक्षा केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, शैक्षिक गुणस्तर परीक्षण केन्द्रसमेतलाई सम्झनुपर्छ ।

€(ढ) "**परिषद्**" भन्नाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् एवम् उच्च माध्यमिक शिक्षा परिषद्समेतलाई सम्झनुपर्छ ।

€(ण) " **प्रतिष्ठान** " भन्नाले नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

€(त) "**निर्देशनालय**" भन्नाले क्षेत्रीय शिक्षा निर्देशनालय सम्झनुपर्छ ।

€(थ) "**क्षेत्र कार्यालय**" भन्नाले परिषद् अन्तर्गतको क्षेत्रीय कार्यालय सम्झनुपर्छ।

€द) "**शिक्षालय**" भन्नाले परिषद् अन्तर्गत आँगिक रुपमा संचालित शिक्षालय सम्झनुपर्छ ।

€(ध) **"क्याम्पस"** भन्नाले विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी नियमित पठन पाठन गर्ने क्याम्पसलाई सम्झनु पर्छ ।

€(न) "**विद्यालय**" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालयबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति, स्वीकृति प्राप्त सामुदायिक विद्यालय र अनुदान नपाउने गरी अनुमति, स्वीकृत प्राप्त संस्थागत विद्यालय तथा निजी एवम् सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयसमेतलाई सम्झनुपर्छ ।

€(प) "**केन्द्र** "भन्नाले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई सम्झनु पर्छ ।

€(फ) "**निरीक्षक**" भन्नाले शिक्षा नियमावली २०५९ अनुसार नियुक्त विद्यालय निरीक्षक सम्झनु पर्दछ । सो शब्दले सामुदायिक विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक शिक्षा निरीक्षण गर्न तोकिएको कर्मचारी समेत जनाउँछ ।

€(ब) **"समिति"** भन्नाले शिक्षा ऐन तथा नियमावली, उच्च माध्यमिक शिक्षा ऐन तथा नियमावली, प्राविधिक तथा व्यवसायिक ऐन तथा नियमावली, विश्व विद्यालय अन्तर्गत गठित विभिन्न समितिहरू सम्झनु पर्छ।

€(भ) "**शिक्षक**" भन्नाले शिक्षा ऐन २०२८ को दफा २ को उपदफा (च) अनुसार सञ्चालित विद्यालयमा नियुक्ति पत्र पाई कार्यरत शिक्षक, प्रधानाध्यापकसमेत (महिला, पुरुष) लाई सम्झनु पर्छ ।

---

€ दोस्रो संशोधन द्वारा थप

€(म) "**विद्यालय कर्मचारी**" भन्नाले शिक्षा ऐन २०२८ का दफा २ को उपदफा (च६) बमोजिमका विद्यालयमा नियुक्ति पत्र पाई स्थायी वा अस्थायी रुपमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

€(य) "**अध्यक्ष**" भन्नाले शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) गठित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् शिक्षक अभिभावक सँघका अध्यक्षसमेतलाई सम्झनु पर्छ ।

€(र) "**सदस्य**" भन्नाले शिक्षा ऐन २०२८ का दफा २ को उपदफा (च४) बमोजिम गठित समितिका सदस्यलाई सम्झनु पर्छ ।

€(ल) **"कर्मचारी"** भन्नाले शिक्षा मन्त्रालय र मातहतका निकाय, कार्यालयहरूमा कार्यरत तथा अन्य निकायका स्थायी कर्मचारीलाई सम्झनु पर्छ ।

€(व) **"विद्यार्थी"** भन्नाले शिक्षा ऐन २०२८ को उपदफा २ को दफा (ङ१), (ङ२),(ङ३) र (ङ४) बमोजिमका संस्थाहरूमा भर्ना भई नियमित अध्ययन गर्ने विद्यार्थीलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## राष्ट्रिय शिक्षा दिवस सम्बन्धी व्यवस्था

३. **राष्ट्रिय शिक्षा दिवस मनाउन सकिने :** (१) शिक्षालाई राष्ट्रिय महत्व दिइ प्रचार प्रसार गर्ने उद्देश्यले प्रत्येक वर्ष राष्ट्रिय शिक्षा दिवस मनाउन सकिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तर्राष्ट्रिय साक्षरता दिवसको दिनलाई नेपालको राष्ट्रिय शिक्षा दिवस मानिनेछ ।

(३) उपदफा (१) को प्रयोजनको लागि शिक्षा तथा खेलकूद मन्त्रीको अध्यक्षतामा एक राष्ट्रिय शिक्षा दिवस मूल समारोह समिति गठन हुनेछ ।

(४) उपदफा (१) बमोजिमको दिवसमा शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने स्वदेशी वा विदेशी व्यक्ति, शिक्षक, कर्मचारी र शिक्षासेवालाई पुरस्कृत गर्न र यस निर्देशिका बमोजिमको पदक तथा छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

(५) कुनै वर्षमा यस निर्देशिका बमोजिमका पदक वितरण गर्न नसकिएमा सो वर्षको पदक अर्को वर्षमा वितरण गर्न सकिनेछ ।

## परिच्छेद-३

## नेपाल विद्याभूषण पदक सम्बन्धी व्यवस्था

€ दोस्रो संशोधन द्वारा थप

४. **नेपाल विद्याभूषण तथा प्रमाणपत्र** : (१) नेपाल विद्याभूषण **"क"** श्रेणी, **"ख"** श्रेणी, र **"ग"** श्रेणीका गरी तीन श्रेणीका हुनेछन् ।

(२) **"क"** श्रेणीको नेपाल विद्याभूषण विद्यावारिधि वा सो भन्दा माथिको उपाधि प्राप्त गर्ने व्यक्तिलाई प्रदान गरिनेछ । यो पदक गोलाकार आकारमा ५० मी.मी. परिधि साइजको ६ कुनाको हुनेछ । यसको तौल जर्ती वाहेक ४२ ग्राम शुद्ध चाँदी र तयसमा ०.३४९९२ मी. ग्राम (३ लाल) सुनको लेपन हुनेछ । यसको अगाडि पट्टिको माथिल्लो भागमा नेपाल विद्याभूषण त्यसको मुनी नेपालको नक्सा र सो नक्सा मुनी जुन सालमा सो पदक प्रदान गरिने हो सो साल विक्रम सम्बत्मा लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ ।

(३) **"ख"** श्रेणीको नेपाल विद्याभूषण कुनै विश्वविद्यालय वा अध्ययन संस्थानमा स्नातकोत्तर तहमा नियमित विद्यार्थीको रुपमा अध्ययन गरी प्रथम श्रेणीमा प्रथम हुने विद्यार्थीलाई वा ग्रेड प्वाइट प्रणाली अन्तर्गत प्रदान गरिने जुनसुकै स्नातकोत्तर उपाधिमा सबै विषय वा पत्रमा उच्चतम ग्रेड पाउने विद्यार्थीलाई स्नातकोत्तर उपाधिमा प्रथम श्रेणीमा प्रथम सरह मानी प्रदान गरिनेछ । यो पदक गोलाकार आकारमा ४५ मी.मी. परिधि आकारको ६ कुनाको हुनेछ । यसको तौल जर्ती वाहेक ३१ ग्राम शुद्ध चाँदी र त्यसमा ०.२९१६ मी. ग्राम ( २.५ लाल) सुनको लेपन हुनेछ । यसको अगाडि पट्टिको माथिल्लो भागमा नेपाल विद्याभूषण, त्यसको मुनी नेपालको नक्सा र सो नक्सा मुनी जुन साल मा पदक वितरण गरिने हो सो साल विक्रम सम्बत्मा लेखिएको हुनेछ । पछाडिको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ ।

#(४) **"ग"** श्रेणीको नेपाल विद्याभूषण कुनै विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान वा संकाय वा स्कूलका रुपमा कार्यक्रम सञ्चालन गर्ने निकायबाट स्नातक तहमा नियमित विद्यार्थीको रुपमा अध्ययन गरी कम्तीमा प्रथम श्रेणीको अंक प्राप्त गरी सर्वप्रथम हुने वा ग्रेड प्वाईनट प्रणाली अन्तर्गत प्रदान गरिने जुनसुकै स्नातक उपाधिमा उच्चतम ग्रेड पाउने विद्यार्थीलाई स्नातक उपाधिमा प्रथम श्रेणीमा प्रथम सरह मानी प्रदान गरिने छ । यो श्रेणीको विद्याभूषण एउटा विश्वविद्यालयको एउटा फ्याकल्टीमा बराबर अंक वा ग्रेड प्राप्त गरेमा बाहेक एक जना भन्दा बढीलाई उपलब्ध गराईने छैन । यो विद्याभूषण गोलाकार आकारमा ४० मी.मी. परिधि साईजको ६ कुनाको हुने छ । यस्को तौल जर्ती बाहेक २२ ग्राम शुद्ध चाँदी र त्यसमा ०.२३३२८ मी. ग्राम (२ लाल) सुनको लेपन हुनेछ । यसको अगाडि पट्टीको माथिल्लो भागमा **"नेपाल विद्याभूषण"** त्यस्को मुनी नेपालको नक्सा र सो नक्सा मुनी जुन सालमा यो पदक प्रदान गरिने हो सो साल विक्रम सम्वतमा लेखिएको हुनेछ । पछाडि पट्टीको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ ।"

---

# पहिलो संशोधन द्वारा संशोधित

५. **निवेदन आव्हान गर्ने :** (१) मन्त्रालयले प्रत्येक वर्ष नेपाल विद्याभूषण पदक प्रदान गर्नको लागि निश्चित अवधि तोकी स्वदेशी तथा विदेशी नागरिकबाट निवेदन आव्हान गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी नागरिकले नेपालभित्रको मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययन गरी नेपाल विद्याभूषणका लागि योग्य भएमा मात्र यस दफा बमोजिम निवेदन दिन सक्नेछ ।

६. निवे**दन दिने तरीका :** (१) नेपाल विद्याभूषण पदक प्राप्त गर्न चाहने योग्य व्यक्तिले **"क"** श्रेणी, **"ख"** श्रेणी र **"ग"** श्रेणीको लागि क्रमशःअनुसूची (१) (२) र (३) को ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) **"क"** श्रेणीको नेपाल विद्यामूषण प्राप्त गर्नको लागि दिइने निवेदनको साथ देहायका कागजात संलग्न हुनुपर्नेछ :-

(क) निवेदकको नागरिकता र विदेशी भए राहदानीको प्रमाणित प्रतिलिपि,

(ख) स्नातकोत्तर तहको ट्रान्सकृप्ट,

(ग) विद्यावारिधि वा सो सरह र सो भन्दा माथि उत्तीर्ण गरेको मूल प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(घ) विदेशी शिक्षण संस्थामा अध्ययन गरेको भए समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) सारांस (Abstract) सहितको शोधपत्र (Thesis) एक प्रति, र

(च) अटो साइजको फोटो तीन प्रति ।

(३) **"ख"** श्रेणीको नेपाल विद्याभूषण प्राप्त गर्नको लागि दिइने निवेदनको साथ देहायका कागजात संलग्न हुनुपर्नेछ :-

(क) निवदेकको नागरिकता र विदेशी भए राहदानिको प्रमाणित प्रतिलिपि,
(ख) प्रमाण पत्र तथा स्नातक तहको ट्रान्सकृप्टको प्रमाणित प्रतिलिपि,
(ग) स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको मूल प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
(घ) विदेशी शिक्षण संस्थामा अध्ययन गरेको भए समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ङ) प्रथम श्रेणीमा सर्वप्रथम वा सर्बोच्च स्थान खुलेको पत्रको -मूल प्रमाणपत्र प्रदान गर्ने निकायबाट प्रमाणित भएको ) प्रमाणित प्रतिलिपि, र
(च) अटो साइजको फोटो तीन प्रति ।

(४) **"ग"** श्रेणीको नेपाल विद्याभूषण प्राप्त गर्नको लागि दिइने निवेदनको साथ देहायका कागजात संग्लग्न हुनुपर्नेछ :-
(क) निवेदकको नागरिकता र विदेशी भए राहादानीको प्रमाणित प्रतिलिपि,
(ख) प्रमाण पत्र तहको ट्रान्सिक्रिप्टको प्रमाणित प्रतिलिपि,
(ग) स्नातक तहको मूल प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(घ) प्रथम श्रेणीमा सर्वप्रथम वा सर्वोच्च स्थान खुलेको पत्रको प्रमाणित प्रतिलिपि,
(ङ) विदेशी शिक्षण संस्थाबाट उत्तीर्ण हुनेहरुको हकमा समकक्षता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
(च) अटो साइजको थप २(दुई) प्रति फोटो ।

७. **प्रारम्भिक छानविन समिति रहने :** (१) दफा ५ बमोजिमको अवधिभित्र पर्न आएका निवेदन उपर छानविन गरी नेपाल विद्या भूषण पदक प्राप्त गर्न योग्य व्यक्तिको नाम सिफारिस समिति समक्ष पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको प्रारम्भिक छानविन समिति गठन हुनेछ :-

(क) सह सचिव ([₭]उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन), मन्त्रालय - **संयोजक**

[#](ख) विश्वविद्यालयका पाठ्यक्रम निर्माण तथा कार्यान्वयनसँग सम्बनिधत व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेका ३ जना - सदस्य

[¥](ख१) पाठ्यक्रम र प्रमाण पत्र सम्बन्धी कार्यमा अनुभव भएका विज्ञ मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी मन्त्रालयले मनोनित गरेका दुई जना - सदस्य

[#](ग) विश्वविद्यालयका परीक्षा नियन्त्रकहरु वा निजका प्रतिनिधीहरु मध्येबाट मन्त्रालयले मनोनयन गरेका दुई जना - सदस्य

(घ) उप सचिव (उच्च शिक्षा), मन्त्रालय - सदस्य-सचिव

(२) प्रारम्भिक छानविन समितिको बैठक संयोजकको निर्देशनमा आवश्यकता अनुसार सदस्य सचिवले बोलाउनेछ ।

(३) प्रारम्भिक छानविन समितिले आवश्यक ठानेमा विषयसँग सम्बन्धित विशेषज्ञ वा कर्मचारीलाई आफ्नो बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।
(४) प्रारम्भिक छानविन समितिको संयोजक, सदस्य र आमन्त्रित सदस्यले मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउनेछ ।
(५) प्रारम्भिक छानविन समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **प्रारम्भिक छानविन समितिको काम कर्तव्य र अधिकार :** प्रारम्भिक छानविन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ६ बमोजिम निवेदन गर्ने व्यक्ति नेपाल भूषण पदक प्राप्त गर्न अयोग्य भएमा निजलाई सोको जानकारी दिने,
(ख) नेपाल भूषण पदक प्राप्त गर्न योग्य व्यक्तिहरुको नाम सिफारिस समिति समक्ष पेश गर्ने,
(ग) कुनै निवेदनका सम्बन्धमा निर्णय गर्न नसकेमा त्यस्तो निवेदन सिफारिस समिति समक्ष पेश गर्ने ।
(घ) सिफारिस समितिले दिएको निर्देशन बमोजिम अन्य काम गर्ने ।

---

[₭] दोस्रो संशोधन द्वारा संशोधित
[#] पहिलो संशोधन द्वारा संशोधित
[¥] पहिलो संशोधन द्वारा थप

९. **सिफारिस समिति रहने :** (१) प्रारम्भिक छानविन समितिले पेश गरेका पदक प्राप्त गर्ने व्यक्तिको नाम जाँचबुझ गरी मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ :-

(क) सचिव,मन्त्रालय -संयोजक

≠(ख) प्रारम्भिक छानविन समितिका सदस्यहरु - सदस्य

(ग) प्रारम्भिक छानविन समितिका संयोजक - सदस्य सचिव

(२) सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सिफारिस समितिले आवश्यक ठानेमा सम्बन्धित विषयको विशेषज्ञ वा कर्मचारीलाई आफ्नो बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) सिफारिस समितिका सदस्यहरु तथा आमन्त्रित सदस्यहरुले मन्त्रालयले तोके बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१०. **सिफारिस समितिको काम, कर्तव्य र अधिकार :** सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) प्रारम्भिक छानविन समितिबाट सिफारिस हुन नसकेका निवेदनहरुका सम्बन्धमा आवश्यक निर्णय लिने,

(ख) नेपालभूषण पदक पाउने व्यक्तिको नाम सिफारिस गर्ने ,

(ग) पदक वितरण सम्बन्धी सूचना प्रकाशन गर्न मन्त्रालयमा सिफारिस गर्ने,

(घ) प्रारम्भिक छानवीन समितिलाई आवश्यक निर्देशन दिने ।

११. **पदकको स्वीकृति र वितरण :-** दफा १० बमोजिम सिफारिस समितिले पेश गरेको व्यक्तिको नामावली मन्त्रालयले स्वीकृत गर्नेछ । त्यसरी स्वीकृत भएका व्यक्तिहरुले मात्र नेपालभूषण पदक प्राप्त गर्न सक्नेछ ।

१२. **सचिवालयको रुपमा काम गर्ने :-** मन्त्रालयको [₭]उच्च शिक्षा शाखाले प्रारम्भिक छानविन समिति तथा सिफारिस समितिको सचिवालयको रुपमा काम गर्नेछ ।

## *परिच्छेद-४*

## नेपाल छात्रा विद्यापदक तथा माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक सम्बन्धी व्यवस्था

१३. **नेपाल छात्रा विद्यापदक :** (१) नेपालका विश्वविद्यालय, अध्ययन संस्थान, उच्च माधयमिक शिक्षा परिषद् वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्रमाणपत्र तह वा स्नातक तहमा नियमित विद्यार्थीको रुपमा अधययन गरी सबैभन्दा बढी अंक वा ग्रेड प्राप्त गर्ने एक जना छात्रालाई सम्बन्धित परीक्षा नियन्त्रकको सिफारिसमा क्रमश प्रमाणपत्र तह र स्नातक स्तरको नेपाल छात्रा विद्यापदक प्रदान गरिने छ ।

(२) उपदफा (१) बमोजिमका पदक एउटा अध्ययन संस्थानमा एकभन्दा बढीले बराबर अंक वा ग्रेड प्राप्त गरेमा वाहेक एक जना भन्दा बढीलाई दिइने छैन।

[₭] दोस्रो संशोधन द्वारा संशोधित

(३) उपदफा (१) बमोजिमको पदक सम्बन्धित विद्यार्थीले परीक्षा उत्तीर्ण गरेको वर्ष पछिको वर्षमा मात्र प्राप्त हुनेछ ।

(४) नेपाल छात्रा विद्यापदकको वनौट देहाय बमोजिमको हुनेछ :-

(क) स्नातकस्तरको नेपाल छात्रा विद्यापदक षटकोण आकारमा जर्ती वाहेक ४६ मी.मी. परिधि आकारको हुनेछ । यसको तौल ३० ग्राम शुद्ध चाँदीको र त्यसमा ०.२३३२८ मी. ग्राम (२ लाल) सुनको लेपन हुनेछ । पदकको अगाडि पट्टिको माथिल्लो भागमा नेपाल छात्रा विद्यापदक, त्यसको मुनी नेपालको नक्सा र सो नक्सा मुनी जुन सालमा पदक वितरण गरिने हो सो साल विक्रम सम्बत्मा लेखिएको हुनेछ । पदकको पछाडिको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ ।

(ख) प्रमाणपत्रस्तरको नेपाल छात्रा विद्यापदक षटकोण आकारमा ४६ मी.मी. परिधि साइजको हुनेछ । यसको तौल जर्ती वाहेक ३० ग्राम शुद्ध चाँदीको हुनेछ । पदकको अगाडि पट्टिको माथिल्लो भागमा नेपाल छात्रा पदक, त्यसको मुनी नेपालको नक्सा र सो नक्सा मुनी जुन सालमा पदक वितरण गरिने हो सो साल विक्रम सम्बत्मा लेखिएको हुनेछ । पदकको पछाडिको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ ।

१४. **माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक** : (१) प्रवेशिका परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गरी पहिलो, दोस्रो  र तेस्रो स्थान हाँसिल गर्ने छात्रालाई प्रत्येक वर्ष माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक प्रदान गरिनेछ ।

(२) माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक षटकोण आकारमा ४६ मी.मी. परिधि आकारको हुनेछ । यसको तौल जर्ती बाहेक २४ ग्राम शुद्ध चाँदीको हुनेछ । पदकको अछाडि पट्टिको माथिल्लो भागमा माध्यमिक उत्कृष्ट छात्रा विद्यापदक, त्यसको मुनी नेपालको नक्सा र सो नक्सा मुनी जुन सालमा पदक प्रदान गरिने हो सो साल विक्रम सम्बत्मा लेखिएको हुनेछ । पदकको पछाडिको भागमा नेपाल सरकारको निसाना छाप हुनेछ ।

## परिच्छेद-५

## छात्रवृत्ति सम्बन्धी व्यवस्था

#१५. **स्नातक उत्कृष्ट छात्रा छात्रवृत्ति** : स्नातक तहमा नेपाल छात्रा विद्या पदक प्राप्त गरेका छात्रालाई एक मुष्ट पच्चीस हजारका दरले स्नातकोत्तर अध्ययन अवधिभर एक पटक मन्त्रालयले स्नातक उत्कृष्ट छात्रा छात्रवृत्ति उपलब्ध गराउने छ ।

#१६. **उच्च माध्यमिक वा प्रमाण पत्र तह उत्कृष्ट छात्रा छात्रवृत्ति :-** प्रविणता प्रमाण पत्र वा सो सरहको तहमा नेपाल छात्रा पदक प्राप्त गरेका छात्रालाई एकमुष्ट बीस हजार रुपैयाँका दरले

# पहिलो संशोधन द्वारा संशोधित

स्नातक अवधिभर एक पटक उच्च माध्यमिक वा प्रमाण पत्र तह उत्कृष्ट छात्रा छात्रवृत्ति मन्त्रालयले उपलब्ध गराउने छ ।

#१७. **प्रवेशिका उत्कृष्ट छात्रवृत्ति :** प्रवेशिका परीक्षामा सबैभन्दा बढी अंक प्राप्त गरी उत्तीर्ण हुने छात्रालाई एकमुष्ट बीस हजार रुपैयाँ मन्त्रालयले प्रवेशिका उत्कृष्ट छात्रवृत्ति उपलब्ध गराउने छ ।

१८. **छात्रवृत्ति सम्बन्धी शर्त :** दफा १५,१६ र १७ बमोजिम प्राप्त हुने छात्रवृत्ति देहायका शर्तको अधिनमा रही उपलब्ध हुनेछ :-

(क) त्यस्ता छात्र वा छात्राले अन्य कुनै सरकारी छात्रवृत्ति प्राप्त गरेमा दोहोरो नहुने गरी मात्र छात्रवृत्ति उपलब्ध गराइने छ ,

(ख) छात्रवृत्ति प्राप्त गर्नको लागि त्यस्ता छात्र छात्राले आफूले अध्ययन गरेको संस्थाको नाम, ठेगाना, भर्ना भएको र अध्ययन गरिरहेको पुष्टि हुने कागजात मन्त्रालयको छात्रवृत्ति शाखालाई उपलब्ध गराउनु पर्नेछ , र

(ग) छात्रवृत्ति नेपाली नागरिकले मात्र पाउनेछ ।

## परिच्छेद-६

## राष्ट्रिय र क्षेत्रीय शील्ड तथा नगद पुरस्कार सम्बन्धी व्यवस्था

१९. **राष्ट्रिय र क्षेत्रीय शिल्ड तथा नगद पुरस्कार पाउने माध्यमिक विद्यालय :** (१) शैक्षिक गुणस्तर तथा कृयाकलाप राम्रो भएका र प्रवेशिका परीक्षामा राष्ट्रियस्तरमा सर्बोत्कृष्ट नतिजा ल्याउने एक संस्थागत र एक सामुदायिक माध्यमिक विद्यालयलाई माध्यमिक विद्यालय राष्ट्रिय शील्ड तथा #दुई लाख रुपैयाँको नगद पुरस्कार र क्षेत्रीयस्तरमा सर्वोत्कृष्ट नतिजा ल्याउने संस्थागत र सामुदायिक माध्यमिक विद्यालयलाई प्रत्येक क्षेत्रमा एक एक का दरले क्षेत्रीय शील्ड र #एक लाख रुपैयाँको नगद पुरस्कार दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले अति दुर्गम क्षेत्र भनि घोषणा गरेका दुर्गम जिल्लाका सामुदायिक माध्यमिक विद्यालयहरु मध्येबाट सबैभन्दा बढी अंक नतिजा ल्याउने एउटा विद्यालयलाई #एक लाख रुपैयाँ नगद पुरस्कार दिइनेछ ।

---

# पहिलो संशोधन द्वारा संशोधित

**[€]१९ (३) पुरस्कार वितरणसम्बन्धी व्यवस्थाः-**

(१) प्रत्येक वर्ष शिक्षा मन्त्रालयले शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने, उच्च उपलब्धि हासिल गर्ने विभिन्न व्यक्तित्वहरूलाई शिक्षा दिवसको अवसरमा शिक्षा पुरस्कारको घोषण गरी पुरस्कार प्रदान गर्ने छ ।

(२) शिक्षा पुरस्कार वितरणका लागि देहाय बमोजिमका केन्द्रिय, क्षेत्रिय, जिल्लास्तरीय समितिहरू रहने छन ।

(क) शिक्षा पुरस्कार वितरण केन्द्रिय समितिः

| | | |
|---|---|---|
| १ | सचिव - शिक्षा मन्त्रालय | अध्यक्ष |
| २ | सह-सचिव - शिक्षा मन्त्रालय, योजना महाशाखा | सदस्य |
| ३ | महानिर्देशक -शिक्षा विभाग | सदस्य |
| ४ | सह- सचिव, शिक्षा मन्त्रालय, अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखा | सदस्य |
| ५ | सदस्य-सचिव - विश्व विद्यालय अनुदान आयोग | सदस्य |
| ६ | सहसचिव - प्रशासन महाशाखा, शिक्षा मन्त्रालय | सदस्य |
| ७ | कार्यकारी निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र | सदस्य |
| ८ | निर्देशक शैक्षिक व्यवस्थापन महाशाखा, शिक्षा विभाग | सदस्य |
| ९ | सह-सचिव - शिक्षा मन्त्रालय, उच्च शिक्षा तथा शैक्षिक व्यवस्थापन महाशाखा | सदस्य-सचिव |

(ख) शिक्षा पुरस्कार वितरण सिफारिस क्षेत्रीय समितिः

| | | |
|---|---|---|
| १ | निर्देशक - क्षेत्रिय शिक्षा निर्देशनालय | अध्यक्ष |
| २ | सदस्य- क्षे.शि.नि. रहेको जिल्लाको जिल्ला शिक्षा अधिकारी | सदस्य |
| ३ | उपनिर्देशक- क्षे.शि.नि., शिक्षक व्यवस्थापन शाखा | सदस्य-सचिव |

(ग) जिल्लास्तरीय शिक्षा पुरस्कार समितिः

| | | |
|---|---|---|
| १ | जिल्ला शिक्षा अधिकारी–जिल्ला शिक्षा कार्यालय | अध्यक्ष |
| २ | जिल्ला शिक्षा समितिको सदस्यहरू मध्येबाट जिल्ला शिक्षा समितिको अध्यक्षले मनोनयन गरेको १ जना | सदस्य |

[€] दोस्रो संशोधन द्वारा थप

| | | |
|---|---|---|
| ३ | सदस्य सचिव- विद्यालय व्यवस्थापन हेर्ने शाखा प्रमुख | सदस्य |

(३) उपदफा २ को (क) अनुसार गठित समितिको सचिवालय मन्त्रालयको आधारभूत शिक्षा शाखाले गर्नेछ ।

(४) उपदफा २ को (क) अनुसार गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) शिक्षा क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्तिहरूलाई दिइने पुरस्कारको मापदण्ड निर्धारण गर्ने।

(ख) पुरस्कारका लागि सिफारिस प्राप्त भएका नामावलीहरू को अध्ययन गरी स्वीकृत दिने ।

(ग) पुरस्कार सम्बन्धी कार्यका लागि मातहतका पदाधिकारीलाई आवश्यक निर्देशन दिने ।

(५) उपदफा (ख) अनुसार गठित समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुने छ।

(क) शिक्षा पुरस्कारका लागि मातहतका निकायलाई निर्देशन दिने ।

(ख) आफ्नो क्षेत्र भित्रबाट पुरस्कारका लागि योग्य व्यक्तिहरूको नामावली संकलन गर्ने गराउने।

(ग) तोकिएको मापदण्डमा आधारित भएर पुरस्कारको नामावली तयार गरी सिफारिस गरी पठाउने ।

(६) उपदफा (ग) अनुसार गठित समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुने छ।

(क) शिक्षा क्षेत्रमा विशिष्ट योगदान दिने व्यक्तिहरूको तोकिएको मापदण्डको आधारमा निवेदन संकलन गर्ने,

(ख) प्राप्त निवेदन उपर आवश्यक अध्ययन तथा छानविन गरी तोकिएको मापदण्डको आधारमा पुरस्कारको लागि सिफारिस गरी क्षेत्रीय शिक्षा निर्देशनालयमा पठाउने

(७) विश्वविद्यालयहरू अन्तरगतका व्यक्तिहरूको हकमा विश्वविद्यालय अनुदान आयोगबाट उच्च माध्यमिक शिक्षा परिषद् अन्तरगत उच्च माध्यमिक शिक्षा परिषद्ले, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तरगत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले,विभाग स्तरका केन्द्रिय कार्यालयहरूले सोही निकायबाट शिक्षा मन्त्रालयमा शिक्षा पुरस्कारका लागि नाम सिफारिस गरी पठाउनु पर्नेछ ।

(८) शिक्षा क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने शिक्षा प्रेमी, विकासका साझेदारहरू, पत्रकारहरूको पुरस्कारको लागि शिक्षा मन्त्रालयले नै व्यवस्थापन गर्नेछ ।

(९) क्षेत्रीय शिक्षा निर्देशनालयहरूले पुरस्कारको लागि सिफारिस गरिएका व्यक्तिहरूको नामावली शिक्षा विभागमा पेश गर्नु पर्नेछ । शिक्षा विभागले सबै क्षेत्रको प्रतिनिधित्व,

समावेशी, उत्कृष्ठता समेतलाई अध्ययन गरी शिक्षा मन्त्रालयमा नामावली सिफारिस गर्नुपर्नेछ ।

**€१९ (४) पुरस्कार वितरणका क्षेत्रहरू :-**

(१) मन्त्रालयले प्रत्येक वर्ष शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने देहायका निकाय, कार्यालयमा कार्यरत शिक्षक, प्राध्यापक, कर्मचारी, पदाधिकारी तथा विभिन्न क्षेत्रका व्यक्तित्वहरूलाई शिक्षा पुरस्कार प्रदान गर्न सक्ने छ ।

(क) शिक्षा मन्त्रालय र मातहतका निकायहरू, विश्व विद्‍यालयहरू, विद्‍यालयहरू,

(ख) प्रतिष्ठानहरू

(ग) विदेशी निकायहरूबाट स्थापित सांस्कृतिक केन्द्रहरू,

(घ) शिक्षा क्षेत्रमा सहयोग पुर्‍याउने दातृनिकायहरू तथा कूटनैतिक नियोगहरू,

(ङ) शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउने शिक्षाविद् , लेखक, रचनाकार, कलाकार, चित्रकार, वैज्ञानिक, गीतकार, गायककार, पत्रकार, विद्‍यार्थीहरू, शैक्षिक सामग्री उत्पादक तथा वितरकहरू,

(च) शिक्षाक्षेत्रसँग आबद्ध भई शिक्षा ऐन तथा नियमावली अन्तर्गत गठित विभिन्न समितिहरू,

(छ) अभिभावकहरू

**€१९ (५) पुरस्कार वितरणका लागि सूचना प्रकाशन तथा विवरण संकलन :-**

(१) प्रत्येक वर्षको शिक्षा दिवसको अवसरमा प्रदान गरिने शिक्षा पुरस्कार प्राप्त गर्न सक्न व्यक्तित्वहरूलाई पुरस्कारको दावी गर्ने अवसरका लागि शिक्षा मन्त्रालयले कम्तिमा ४५ दिन अगावै सार्वजनिक सूचना प्रकाशन गर्ने छ ।

(२) उप दफा (१) बमोजिम सार्वजनिक सूचना प्रकाशन भइसकेपछि प्रत्येक वर्ष वितरण हुने शिक्षा पुरस्कार प्राप्त गर्नका लागि पुरस्कारको दावी गर्ने व्यक्तिहरूले अनुसूची -४ बमोजिमको फाराम भरी आफूसँग सम्बन्धित कार्यालय, निकाय, समिति, मन्त्रालयमा फाराममा उल्लिखित विवरणहरू पुष्ट्याँइ हुने प्रमाण सहितको फाराम १ महिना भित्र जिल्ला शिक्षा कार्यालयले शिक्षा विभागमा, ४५ दिन भित्र क्षेत्रीय शिक्षा निर्देशनालय , विश्वविद्यालय,लगायत केन्द्रीय निकायहरूले ४५ दिन भित्र शिक्षा मन्त्रालयमा पेश गर्नु पर्ने छ ।

नोटः यस बुदाँमा उल्लेखित सूचना प्रकाशन तथा तालुक निकायमा नामावली पेश गर्नेसम्बन्धी व्यवस्था यसै निर्देशिकाको बुदाँ न. २३ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयको मिति २०७२।४।२२ को निर्णय (मा.मन्त्रीस्तरीय) अनुसार निलम्वन गरी सबै निकायहरुले मन्त्रालयमा शिक्षा पुरस्कारको लागि नामावली पेश गर्ने समयसिमा २०७२ साल भाद्र १२ सम्म कायम गरिएको छ ।

---

€ दोस्रो संशोधन द्वारा थप

**[€]१९ (६) पुरस्कार वितरणका लागि प्रस्ताव मूल्यांकन तथा सिफारिस :-**

(१) दफा १९को (५ को (२) अनुसार पेश भएका निवेदन सहितका फारामहरू उपर छानविनसहित वास्तविकता यकिन गरी दफा १९ को (२)को (ख) र (ग) को समितिबाट निर्णय गराई राय र सिफारिस सहित अनुसूची -४ अनुसारको विवरण भरी तोकिएको अवधि भित्र तोकिएको विधागत रुपमा उत्कृष्ट व्यक्ति तथा निकायको नामावली अनूसूचि -५ बमोजिमको तालुक निकायमा पठाउनु पर्ने छ ।

(२) उप दफा (१) अनुसार सिफारिस सहित प्राप्त हुन आएका नामावली मध्येबाट पुरस्कार दिने व्यक्तिको नामावली केन्द्रिय समितिले निर्णय गर्ने छ ।

(३) पुरस्कार वितरणका लागि संख्या सीमा अनुसूची -६ मा उल्लेख भए अनुसारको हुनेछ ।

(४) क्षेत्रीय रुपमा वितरण हुने पुरस्कारकालागि काठमाडौ उपत्यकालाई अलग क्षेत्रका रुपमा लिईने छ ।

(५) पुरस्कार देहायका व्यक्ति,संस्था वा निकायलाई वितरण गरिनेछ ।

(क) विद्यालय

१. राष्ट्रिय पुरस्कार - सामुदायिक/संस्थागत

२. क्षेत्रीय पुरस्कार - सामुदायिक/संस्थागत

३. जिल्ला स्तरीय - सामुदायिक/संस्थागत

(ख) क्याम्पस

१. आंगिक क्याम्पस- १

२. सम्बन्धन प्राप्त सामुदायिक क्याम्पस-१

३. सम्बन्धन प्राप्त निजी क्याम्पस(प्राइभेट)-१

(ग) शिक्षक (घ) प्रधानाध्यापक (ङ) वि.व्य.स , शिक्षक अभिभावक संघका पदाधिकारी

(च) विद्यालय कर्मचारी (छ) नेपाल सरकारका कर्मचारी

(ज) विश्वविद्यालय अन्तर्गतका प्राध्यापक तथा अनुसन्धानकर्ताहरू

(झ) विश्वविद्यालय अन्तर्गतका प्रशासक,व्यवस्थापक तथा कर्मचारीहरू

(ञ) अन्य निकाय, प्रतिष्ठान, आयोग, परिषद्का पदाधिकारी तथा कर्मचारीहरू

(ट) दातृ निकाय, कुटनैनिक नियोगका कर्मचारी एवम् स्वयंसेवकहरू

(ठ) शिक्षा प्रेमी, पत्रकार र अभिभावकहरू ।

(६) देहायका मापदण्डका आधारमा शिक्षा पुरस्कार प्रदान गरिनेछ ।

---

**(१) प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समिति /शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई पुरस्कृत गर्न निम्न आधारहरू :**

(क) विद्यालयको शैक्षिक उपलब्धि -५० अंक

(ख) विगत ३ बर्षको परीक्षा (एसएलसी,कक्षा ८ र कक्षा ५)को औषत नतिजा -३० अंक

प्राथमिक तह र कक्षा ८ सम्म मात्र सञ्चालन भएका विद्यालयहरूको हकमा सोहि तहको औषत नतिजाको आधारमा अङ्क दिनु पर्नेछ ।

(ग) विद्यालय सुधार योजना -१० अंक

विद्यालय सुधार योजना निर्माण वापत अंक ५ र कार्यान्वयन अंक ५ दिनु पर्नेछ ।

(घ) सामाजिक परीक्षण -१० अंक

सामाजिक परीक्षण गरेको अंक ५ र सार्वजनिकीकरण वापदको ५ अंक दिनु पर्नेछ ।

**(२) शिक्षकहरूलाई पुरस्कृत गर्ने आधारहरू:**

(क) शिक्षकले पठनपाठन गरेका कक्षाहरूको कक्षागत औषत सिकाई उपलब्धि -४० अंक

(ख) शिक्षकले अध्यापन गर्ने तहको शैक्षिक उपलब्धी -२० अंक

(ग) शिक्षण सिकाइमा पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री र उपयुक्त शिक्षण विधिको प्रयोग -२० अंक

(घ) विद्यालयमा अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालनमा योगदान -१० अंक

(ङ) विद्यालयको विकासका लागि पुऱ्याएको योगदान -१० अंक

**(३) विद्यायालय निरीक्षक तथा स्रोतव्यक्तिहलाई पुरस्कृत गर्ने आधारहरू:**

(क) सम्बन्धित क्षेत्रको शैक्षिक उपलब्धी -३० अंक

(ख) जि.शि.अ.को सिफारिस -३० अंक

(ग) सिर्जनात्मक तथा प्रर्बधनात्मक कार्य -२० अंक

(घ) विद्यालय निरीक्षण तथा सायतामा -२० अंक

**(४) जिल्ला शिक्षा अधिकारी लाई पुरस्कृत गर्ने आधारहरू:**

(क) जिल्लाको शैक्षिक उपलब्धी -२० अंक
(ख) कार्यसम्पादनको स्तर -२० अंक
(ग) क्षेत्रीय शिक्षा निर्देशकको मूल्याङ्कन -२० अंक
(घ) बेरुजु फछ्र्यौट -२० अंक
(ङ जिल्लाको शैक्षिक सुशासनको अवस्था र निर्देशन कार्यान्वयनको अवस्था -२० अंक

**(५) जिल्ला र क्षेत्रका अन्य कर्मचारीहरू लाई पुरस्कृत गर्ने आधारहरू:**

(क) जिल्ला/क्षेत्रको शैक्षिक उपलब्धी -२० अंक
(ख) कार्यसम्पादनको स्तर -२० अंक
(ग) आचरण र सुशासनमा भुमिका -२० अंक
(घ) सिर्जनात्मक तथा प्रर्बधनात्मक कार्य -२० अंक
(ङ) नियमितता र निर्देशनको पालना -२० अंक

**(६) उत्कृष्ट क्याम्पस छनौटका आधारहरू :**

क) उत्कृष्ट क्याम्पस छनौट समितिका लागि तोकिएको प्रक्रियाको परिधि भित्र रही सबै विश्वविद्यालय अन्तर्गतका आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरूले आ-आफ्नो दावी सहित विश्वविद्यालय अनुदान आयोगमा तोकिएको ढाँचामा निवेदन दिनेछन् ।

ख) क्याम्पससहरूले दिएको निवेदन र निवेदनसँग प्राप्त तथ्याङ्क cross verify गरी विश्वविद्यालय अनुदान आयोगको सदस्य सचिवको अध्यक्षतामा सबै विश्वविद्यालयका एक एक जना प्रतिनिधि र शिक्षा मन्त्रालयका प्रतिनिधि सहितको समितिले उत्कृष्ट क्याम्पसको पुरस्कारका लागि आङ्गिक र सम्बन्धन प्राप्त (सामुदायिक र निजी) क्याम्पसका लागि छुट्टा छुट्टै सिफारिस गर्नेछ ।

ग) प्रत्येक विश्वविद्यालयका प्राध्यापक, प्रशासक तथा कर्मचारीले पाउने शिक्षा पुरस्कार दिनका लागि हरेक विश्वविद्यालयलाई शिक्षा मनत्रालयले तोकेको कोटाको परिधि भित्र रही शिक्षाध्यक्षको अध्यक्षतामा बनेको् ५ सदस्यीय समितिले शिक्षा मन्त्रालयमा नाम सिफारिस गर्नेछः

शिक्षा पुरस्कार सिफारिस समिति प्रत्येक विश्वविद्यालयमा तपसिल बमोजिम हुनेछः

अ) शिक्षाध्यक्ष - अध्यक्ष
आ) संकायका डीन मध्येबाट उपकूलपतिबाट मनोनित २ जना -सदस्य
इ) क्याम्पस प्रमुख मध्येबाट शिक्षाध्यक्षबाट मनोनित १ जना -सदस्य
ई) कर्मचारी मध्येबाट रजिष्टारले मनोनित गरेको १ जना -सदस्य

(क) उत्कृष्ट क्याम्पस छनौटका आधारहरू:

१) क्याम्पसको भौतिक पूर्वाधार सविकास -१० अंक
२) बार्षिक तहगत विद्यार्थी उत्तीर्ण दर -२५ अंक
३) क्याम्पसले गरेको प्रवर्तनात्मक कार्य -२० अंक
४) अनुसन्धान तथा प्रकासन -२० अंक
५) प्रसासकिय तथा वित्तीय व्यवस्थापन -२० अंक
६) विद्यार्थी संख्या -०५ अंक

(ख) आगिंक र सम्बन्धन प्राप्त(सामुदायिक र निजी) गरी ३ ओटा उत्कृष्ट क्याम्पसलाई पुरस्कार वापत रु २ लाख पचास हजारका दरले रकम प्रदान गरिने छ ।

(ग) प्राध्यापक छनौटका आधारहरू:

१) प्राध्यापन गरेको बिषयमा विद्यार्थीको उत्तीर्ण दर -३५ अंक
२) अनुसन्धान तथा लेखन कार्य गरेकोमा -२० अंक
३) प्रवर्तनात्मक कार्य गरेकोमा -२० अंक
४) कार्य सम्पादन/शिक्षण सिकाईमा नियमितता -२० अंक
५) सेवा अवधि/माथिल्लो योग्यता (Phd/Dsc/Dilit गरेको भए -०५ अंक

(घ) प्रशासक तथा कर्मचारीहरू छनौटका आधारहरू:

१) कार्य सम्पादनको स्तर -२० अंक

२) नियमितता -२० अंक
३) कार्यालय व्यवस्थापन तथा निर्वाह गरेको भुमिका -२० अंक
४) कार्य सम्पादनमा जवाफदेहीता -२० अंक
५) कार्यालयमा आइपर्ने प्रशासकिय तथा व्यवस्थापकीय समस्या समाधानमा खेलेको भुमिका -२० अंक

(ङ) अनुसन्धानकर्ता छनौटका आधारहरू:
१) अनुसन्धानात्मक कार्य र यस्को प्रकाशन -३० अंक
२) अनुसन्धानले राष्ट्र निर्माणमा पुर्‍याएको योगदान -२० अंक
३) कार्य सम्पादनमा नियमितता र दक्षता -२० अंक
४) अनुसन्धानबाट निर्माण गरिएको ज्ञान र सिपको उपयोगिता -२० अंक
५) अनुसन्धानबाट प्राप्त ज्ञानको प्रवोधीकरणमा खेलेको भुमिका -१० अंक

२०. **विद्यालय छनौट गर्ने आधार :** (१) दफा १९ बमोजिमको राष्ट्रिय र क्षेत्रीय शिल्ड तथा नगद पुरस्कारको लागि माध्यमिक विद्यालय छनौट गर्दा सुगम क्षेत्रको विद्यालयले कम्तीमा पैतालिस जना र दुर्गम क्षेत्रका विद्यालयले कम्तीमा पच्चीस जना विद्यार्थी एस.एल.सी. परीक्षामा समावेश गराएको विद्यालयबाट गरिनेछ ।

#(२) उप दफा (१) को प्रयोजनका लागि माध्यमिक विद्यालय तह मूल्याङ्कन गर्दा देहाय बमोजिमको १०० पूर्णाङ्कको आधारमा गरिने छ ।

₭(अ) एसएलसी परीक्षा फलमा आधारित सुत्र देहाय अनुसार हुनेछ ।

एस.एल.सी.परीक्षाफलमा आधारित अंक - ६०

$$\{(८० \times क + ६० \times ख + ४५ \times ग + ३२ \times घ - ३० \times ङ)/ स \times ८०\} \times ६०$$

द्रष्टब्य - उपरोक्त सूत्रमा प्रयोग भएको अक्षरहरुले देहाय अनुसार जनाउँदछ ।

क=विशिष्ट श्रेणीमा उत्तीर्ण विद्यार्थी संख्या

ख=प्रथम श्रेणीमा उत्तीर्ण विद्यार्थी संख्या

ग=द्वितीय श्रेणीमा उत्तीर्ण विद्यार्थी संख्या

घ=तृतीय श्रेणीमा उत्तीर्ण विद्यार्थी संख्या

ङ=असफल विद्यार्थी संख्या

स=परीक्षामा समावेश गरिएका कूल विद्यार्थी संख्या

त=एस. एल.सी. उत्तीर्ण कूल विद्यार्थी संख्या

थ=कक्षा ९ मा विद्यार्थी भर्ना संख्या

# पहिलो संशोधन द्वारा संशोधित
₭ दोस्रो संशोधन द्वारा संशोधित

द=टेष्ट परीक्षामा उत्तीण विद्यार्थी संख्या

(आ) कक्षा ९ को विद्यार्थी भर्नामा आधारित अंक (त/थ×१० ) - १०

(इ) एस.एल.सी. परीक्षा उत्तीर्ण विद्यार्थी संख्यामा आधारित अंक (त/स×१० ) - १०

Σ(ई) .....

(उ) एस.एल.सी. परीक्षाको उत्तीर्णाङ्क प्रतिशतमा आधारित अङ्क

(पछिल्लो तीन बर्षको एस.एल.सी. परीक्षाको उत्तीर्ण प्रतिशतको औषत ×१/१०) - १०

(ऊ) एस.एल.सी. परीक्षामा समावेश गराएको विद्यार्थी संख्यामा आधारित अङ्क-

एस.एल.सी. परीक्षामा समावेश विद्यार्थी संख्या/राष्ट्रिय विद्यार्थी औषत संख्या वा क्षेत्रीय विद्यार्थी औषत संख्या वा दुर्गम क्षेत्रको विद्यार्थी औषत संख्या -१०

(राष्ट्रियस्तरको विद्यालय छनौटका लागि एस.एल.सी परीक्षामा समाविष्ट राष्ट्रिय औषत विद्यार्थी संख्याले सम्बन्धित विद्यालयले एस.एल.सी. परीक्षामा समाविष्ट गराएको विद्यार्थी संख्यालाई भाग गरी आएको अङ्क,

क्षेत्रीयस्तरको विद्यालय छनौटका लागि एस.एल.सी. परीक्षामा समाविष्ट सम्बन्धित क्षेत्रको औषत विद्यार्थी संख्याले सम्बन्धित विद्यालयले एस.एल.सी. परीक्षामा समाविष्ट गराएको विद्यार्थी संख्यालाई भाग गरी आएको अङ्क,

दुर्गम क्षेत्रको विद्यालय छनौटका लागि एस.एल.सी. परीक्षामा समाविष्ट दुर्गम क्षेत्रको औषत विद्यार्थी संख्याले सम्बन्धित विद्यालयले एस.एल.सी. परीक्षामा समाविष्ट गराएको विद्यार्थी संख्यालाई भाग गरी आएको अङ्क,

यसरी आएको अंक बढीमा १० अंक सम्म मात्र गणना गरिनेछ । साथै क्षेत्रीय तथा दुर्गम क्षेत्रको औषत विद्यार्थी संख्या भन्दा बढी भएमा राष्ट्रिय औषत विद्यार्थी संख्याले नै सम्बन्धित विद्यालयले एस.एल.सी. परीक्षामा समाविष्ट गराएको विद्यार्थी संख्यालाई भाग गरिनेछ ।

[Σ](ए) ........ [&](३) .... , [&](४) ..... , [&](५) .......[&](६) .......

---

[Σ] दोस्रो संशोधन द्वारा झिकिएको

[&] दोस्रो संशोधन द्वारा झिकिएको

## परिच्छेद-७

## विविध

२१. **मन्त्रालयको काम :** यस निर्देशिका कार्यान्वयन गर्ने प्रयोजनको लागि मन्त्रालयले देहाय बमोजिम काम गर्नेछ :-

(क) पदक, छात्रवृत्ति र राष्ट्रिय तथा क्षेत्रीय शिल्डको लागि आवश्यक पर्ने बजेटको व्यवस्था मिलाउने,
(ख) पदक तथा प्रमाणपत्र, छात्रवृत्ति र शिल्ड वितरणको व्यवस्था मिलाउने,
(ग) सिफारिस समितिले मन्त्रालय समक्ष पेश गरेका राय सुझावहरु कार्यान्वयन गर्ने,
(घ) सिफारिस समितिलाई आवश्यक निर्देशन दिने,
(ङ) राष्ट्रिय शिक्षा दिवस मनाउने समितिको गठन लगायतका सम्पूर्ण काम कारवाहीको व्यवस्था गर्ने गराउने ।

२२. **अन्य पदक तथा पुरस्कार सम्बन्धी व्यवस्था :** प्रत्येक वर्ष राष्ट्रिय शिक्षा दिवसका लागि विनियोजित रकम मध्येबाट शिक्षा क्षेत्रमा विशेष योगदान दिने शिक्षक, कर्मचारी, अविभावक तथा व्यवस्थापन समितिका सदस्यलाई शिक्षा पदक तथा प्रमाण-पत्रको माध्यमबाट पुरस्कृत गरिनेछ ।

२३. **वाधा अड्चन फुकाउन सक्ने :** यस निर्देशिकाको कार्यानवयनका सिलसिलामा कुनै वाधा अडचन उत्पन्न भएमा मन्त्रालयले त्यस्तो वाधा अड्चन फुकाउन सक्नेछ ।

**अनुसूचि-१ (दफा ६ सँग सम्बन्धित)**

**"क" श्रेणीको नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा :**

| |
|---|
| अटो साइजको फोटो |

श्री [K]शिक्षा मन्त्रालय
[K] उच्च शिक्षा शाखा
[K] सिंहदरबार, काठमाडौं, नेपाल ।

**विषय :- "क" श्रेणीको नेपाल विद्याभूषण पदक पाउँ ।**

त्यस मन्त्रालयबाट मिति ....................मा प्रकाशित सूचना अनुसार "क" श्रेणीको नेपाल विद्याभूषण पदक पाउनको लागि म योग्य भएकोले रु. ५।- को टिकट टाँसी देहाय अनुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**१ निवेदकको नाम, थर :-**

(क) नेपालीमाः-
(ख) अंग्रेजीमा :-

**२. ठेगाना :-**

(क) स्थायी :- जिल्ला ....................न.पा/गा.वि.स.............वडा नं...........
(ख) सम्पर्क ठेगाना :-
(ग) टेलिफोन नं :-

**३. प्राप्त उपाधिको नाम :-**

(क) नेपालीमा :-
(ख) अंग्रेजीमा :-

**४ उपाधिको मूल विषय :-**

**५ उपाधि प्राप्त गरेको साल :-**

**६ उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको विवरण :**

(क) नाम :-
(ख) ठेगाना :-
(ग) देश :-

**७ यस अघि विद्याभूषण पदक प्रदक प्राप्त गरेको भए**

| | | | |
|---|---|---|---|
| (क) श्रेणी :- | क [ ] | ख [ ] | ग [ ] |
| (ख) साल | ................ | ................ | ................ |

**८ संलग्न कागजात पत्र थान :-**

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहर कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)
पुरा नाम, थर :-
मिति :- २०

[K] दोस्रो संशोधन द्वारा संशोधित

**अनुसूचि-२ (दफा ६ सँग सम्बन्धित)**

**"ख" श्रेणीको नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा :**

श्री [k] शिक्षा मन्त्रालय
[k] उच्च शिक्षा शाखा
[k] सिंहदरबार, काठमाडौं, नेपाल ।

अटो साइजको फोटो

**विषय :- "ख" श्रेणीको नेपाल विद्याभूषण पदक पाउँ ।**

त्यस मन्त्रालयबाट मिति .......................मा प्रकाशित सूचना अनुसार **"ख"** श्रेणीको नेपाल विद्याभूषण पदक पाउनको लागि म योग्य भएकोले रु. ५।- को टिकट टाँसी देहाय अनुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**१ निवेदकको नाम, थर :-**

(क) नेपालीमा :-
(ख) अंग्रेजीमा :-

**२ ठेगाना :-**

(क) स्थायी :-
जिल्ला ....................न.पा./गा.वि.स....................वडा नं.....................
(ख) सम्पर्क ठेगाना :-
(ग) टेलिफोन नं :-

**३ प्राप्त उपाधिको नाम :-**

(क) नेपालीमा :-
(ख) अंग्रेजीमा :-

**४ उपाधिको मूल विषय :-**

**५ उपाधि प्राप्त गरेको साल :-........................ श्रेणी.......................**

**६ उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको विवरण :**

(क) नाम :-
(ख) ठेगाना :-
(ग) देश :-

**७ यस अघि विद्याभूषण पदक प्राप्त गरेको भए**

| | | | |
|---|---|---|---|
| (क) श्रेणी :- | क | ख | ग |
| (ख) साल | .................... | ................. | ................. |

**८ संलग्न कागजात पत्र थान :-**

मैले पेश गरेको विवरण ठीक साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)

[k] दोस्रो संशोधन द्वारा संशोधित

पुरा नाम, थर :-

मिति :-

**अनुसूचि-३ (दफा ६ सँग सम्बन्धित)**

**"ग" श्रेणीको नेपाल विद्याभूषण पदकका लागि दिइने निवेदनको ढाँचा :**

| |
|---|
| अटो साइजको फोटो |

श्री [₭]शिक्षा मन्त्रालय

[₭]उच्च शिक्षा शाखा

[₭]सिंहदरबार, काठमाडौं, नेपाल ।

**विषय :- "ग" श्रेणीको नेपाल विद्याभूषण पदक पाउँ ।**

त्यस मन्त्रालयबाट मिति ................मा प्रकाशित सूचना अनुसार ग श्रेणीको नेपाल विद्याभूषण पदक पाउनको लागि म योग्य भएकोले रु.५।- को टिकट टाँसी देहाय अनुसारको विवरण खुलाई आवश्यक कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु ।

**१ निवेदकको नाम, थर :-**

(क) नेपालीमा :-
(ख) अंग्रेजीमा :-

**२ ठेगाना :-**

(क) स्थायी :-
जिल्ला ................न.पा./गा.वि.स..........................वडा नं...............
(ख) सम्पर्क ठेगाना :-
(ग) टेलिफोन नं :-

**३ प्राप्त उपाधिको नाम :-**

(क) नेपालीमा :-
(ख) अंग्रेजीमा :-

**४ उपाधिको मुल विषय :-**

**५ उपाधि प्राप्त गरेको साल :- ........................... श्रेणी .....................**

**६ उपाधि प्रदान गर्ने विश्वविद्यालय/संस्थाको विवरण:**

(क) नाम :-
(ख) ठेगाना :-
(ग) देश :-

**७ यस अभि विद्याभूषण पदक प्राप्त गरेको भए**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (क) श्रेणी :- | क | | ख | | ग | |
| (ख) साल | | .................... | | ...................... | | ...................... |

**८ संलग्न कागजात पत्र थान :-**

---

₭ दोस्रो संशोधन द्वारा संशोधित

मैले पेश गरेको विवरण ठीक साँचो हो, भुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

(निवेदकको हस्ताक्षर)
नाम :-
मिति :-

€अनुसूची–४

(दफा १९ को (५)को (२) सँग सम्बन्धित)

शिक्षा पुरस्कार दावी गर्नका लागि सम्बन्धित व्यक्तिले भर्ने फाराम

नाम थर : पद:

स्थायी ठेगाना:

कार्यरत निकाय/कार्यालय/विद्यालयको नाम ठेगाना:

उक्त पदमा नियुक्ति मिति: उक्त पदमा रही हालको संस्थामा सेवा गरेको अवधि:

निवेदन पेश गरेको निकाय: पेश गरेको मिति:

यस पूर्व सोही किसिमको पुरस्कार प्राप्त ☐ गरेको छ ☐ छैन

प्राप्त गरेको भए पुरस्कारको नाम :
प्राप्त मिति:

हाल पुरस्कार दावीका लागि शिक्षा क्षेत्रमा पुर्‍याएको योगदान:

(क) (ख)

(ग) (घ)

(ङ)

उक्त योगदानबाट शिक्षा क्षेत्रको सुधार /उपलब्धिमा परेको प्रभाव:

(क) (ख)

(ग) (घ)

(ङ)

शिक्षक/स्रोतव्यक्तिको हकमा सिकाइउपलब्धिमा भएको बृद्धिसमेत अनिवार्य भर्नुपर्ने

€ दोस्रो संशोधन द्वारा थप

(वार्षिक परीक्षामा प्राप्त गरेको औसत अंकबाट भर्ने )

| विगत(२०..)सालको सम्बन्धित विषयमा प्राप्त गरेको औसत अंक | | | गत(२०..)सालको सोही कक्षाको सम्बन्धित विषयमा प्राप्त औसत अंक | | | जम्मा बृद्धि | | माथिल्लो निकायले हासिल गरेको पछिल्लो शैक्षिक सत्र (२०.....)को औसत अंक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | विषय | औसत अंक | कक्षा | विषय | औसत अंक | अंक | प्रतिशत | स्रोतकेन्द्र | जिल्ला | क्षेत्र | केन्द्र |
| | | | | | | | | | | | |

संस्थाप्रमुखले भर्ने :

संस्थामा निवेदन दर्ता भएको मितिः दर्ता नं.:

संस्था प्रमुखको रायः

प्रमाणित गरिएको आधार :

प्रमाणित गर्ने संस्था प्रमुखको नाम थर : सही र छाप

सम्बन्धित तहको समितिको राय :

निर्णय मितिः

प्रमाणित गर्ने अध्यक्षको सदस्य
सचिवको

नाम : नाम :

दस्तखतः दस्तखतः

[€]अनुसूची–५

(दफा १९ को (६)को (१) सँग सम्बन्धित)

फाराम दर्ता गर्ने तालुक निकाय

शिक्षा पुरस्कार प्राप्त गर्नका लागि सम्बन्धित उम्मेदवारहरूले देहाय बमोजिम प्रस्ताव ⁄निवेदन दर्ता गर्नु पर्ने छ।

| क्र.सं | प्रस्तावक⁄निवेदक | फाराम दर्ता गर्ने स्थान |
|---|---|---|
| १ | शिक्षक | विद्‌यालय |
| २ | प्रधानाध्यापक | स्रोतकेन्द्र |
| ३ | विव्यस पदाधिकारी⁄शिक्षक अभिभावक सँघ | स्रोतकेन्द्र |
| ४ | विद्यालय कर्मचारी | विद्‌यालय |

€ दोस्रो संशोधन द्वारा थप

| | | |
|---|---|---|
| ५ | निजामति कर्मचारी | कार्यरत कार्यलय/निकाय |
| ६ | जिल्ला शिक्षा अधिकारी | सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय |
| ७ | शैक्षिक तालिम केन्द्र प्रमुख | शैक्षिक जनशक्ति विकास केन्द्र |
| ८ | उमाशिप क्षेत्रीय कार्यालयमा कार्यरत कर्मचारी | उच्च माध्यमिक शिक्षा परिषद |
| ९ | क्षेत्रीय तथा केन्द्रीय निकायमा कार्यरत कर्मचारीहरू | सम्बन्धित निकाय, विभाग |

[€]अनुसूची–६

(दफा १९को (६) को (३) सँग सम्बन्धित)

शिक्षा दिवस पुरस्कारका लागि संख्या सीमा

१. सामुदायिक विद्यालय शिक्षक/प्रधानाध्यापक

| क.स. | तह | शिक्षक संख्या | पुरस्कारका लागि संख्या |
|---|---|---|---|
| १ | प्राथमिक/आधारभूत | ५०० सम्म<br>५०१ देखि १००० सम्म<br>१००१ देखि १५०० सम्म<br>१५०० माथि | १<br>२<br>३<br>४ |
| २ | माध्यमिक तह | ३०० सम्म<br>३०१ भन्दा माथि | १<br>२ |

२.संस्थागत विद्यालय शिक्षक /प्रधानाध्यापक

| क.स. | तह | विद्यालय संख्या | पुरस्कारका लागि संख्या |
|---|---|---|---|
| १ | प्राथमिक/आधारभूत | ५०० सम्म<br>५०१ भन्दा माथि | १<br>२ |
| २ | माध्यमिक तह | ३०० सम्म<br>३०१ भन्दा माथि | १<br>२ |

३.विद्यालय कर्मचारी

| क.स. | किसिम | विद्यालय संख्या | पुरस्कृत हुने संख्या |
|---|---|---|---|
| १ | सामुदायिक | ५०० सम्म<br>५०१ भन्दा माथि | १ जना<br>२ जना |
| २ | संस्थागत | ५०० सम्म विद्यालय<br>५०१ भन्दा माथि | १ जना<br>२ जना |

[€] दोस्रो संशोधन द्वारा थप